प्रतिदिन १७औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**निर्वाचनको समयमा मतदाताले ध्यान दिनुपर्ने कुरा।**

- मतदाता नामावलीमा नाम तथा विवरण सही भए नभएको यकिन गरौं।
- तोकिएको केन्द्रमा प्रमाणसहित मतदान गर्न जाऔं।
- मतदान स्थल, केन्द्र, समय र प्रकृयाका बारेमा अरुलाई पनि जानकारी गराऔं।
- महिला, वृद्धवृद्धा, अपांगता भएका व्यक्ति र अशक्तलाई मतदान गर्न सहयोग गरौं।
- निर्वाचन आचारसंहिताका बारेमा जानकारी राखौं र अरुलाई पनि जानकारी गराऔं।
- आचारसंहिता उल्लघंन भएको देखिएमा निर्वाचन आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतलाई जानकारी गराऔं।
- कसैको डर, त्रास, धम्की वा लोभ लालचामा नपरौं/नपारौं ।
- निर्वाचनको निष्पक्षता कायम गर्न सहयोग गरौ र गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : ३२४ ॥ २०८२ माघ १३ गते मंगलबार (27th Jan 2026 Tuesday) | **Pratidin** National Daily | मूल्य-रु.५/-

# बसपार्क प्रवेश निषेधको आन्दोलनप्रति सबैको चासो

झापा, माघ १२ । निर्वाचनका बेला राजनीतिक दलका उम्मेदवारहरुलाई बिर्तामोड बसपार्कमा प्रवेश निषेधको कडा संघर्षको कार्यक्रम शुरु भएपछि त्यसप्रति सबैको चासो गएको छ । भोट माग्न आउने उम्मेदवारहरुलाई छिर्न नदिने र राजनीतिक गतिविधि पनि गर्न नदिने दबाबमूलक आन्दोलनबाट बिर्तामोड बसपार्कबासीहरुको समस्याप्रति राजनीतिक दल र तिनका उम्मेदवारहरु गंभीर भएपनि तत्कालै समस्या समाधान हुन सक्ने नदेखिएको उनीहरुले प्रतिक्रिया दिएका छन् । निवर्तमान सभामुख तथा झापा २ मा एमालेका उम्मेदवार देवराज घिमिरेले गिरीबन्धु टी इस्टेट र बसपार्कको सबै फाइल अख्तियारमा पुगेकाले अहिलेको सरकारले तत्कालै समाधान गरिहाल्ने अबस्था नदेखिएको बताए । आफूले बिर्तामोड बसपार्कको समस्या समाधानका लागि सर्वोच्च अदालतको व्याख्या ल्याउनेदेखि लिएर विभागबाट पत्रसमेत झिकाएको घिमिरेले बताए । तर तल्लो निकायले अदालतको आदेशबिना काम गर्न नसकेको उनको भनाई छ । बसपार्कको समस्या गंभीर भएकाले समाधानका लागि केही समय लाग्ने घिमिरेले बताए । त्यस्तै निवर्तमान उपसभामुख तथा झापा २ मा रास्वपाकी उम्मेदवार इन्दिरा राना मगरले यही चुनावी सरकारले बसपार्कको समस्या हल गर्न नसक्ने बताइन् । चुनावपछि निर्माण हुने सरकारले मात्र यो समस्या हल गर्न सक्ने उनको भनाई छ ।

बिगत दुई वर्षदेखि रोक्का रहेको आफूहरुको ५१ विघा जग्गा फुकुवा गर्न कसैले पनि सहयोग नगरेको भन्दै बिर्तामोड बसपार्कबासीहरुले राजनीतिक दलका उम्मेदवारहरुलाई बसपार्कमा प्रवेश निषेध गरेका हुन् । 'हामीले सबै दलका नेताहरुलाई गुहार लगायौं तर , आश्वासनबाहेक केही पनि पाएनौं' ५१ विघा बसपार्क समन्वय समितिका सहसचिव शिवराज पौडेलले भने,' त्यही भएर कुनै पनि उम्मेदवारलाई बसपार्कमा छिर्न दिदैनौं ।
'

बिर्तामोड बसपार्कबासीहरुले बसपार्कको चार किल्लामा चारवटा व्यानर राखेर निषेधको घोषणा गरेका हुन् । आफ्नो आन्दोलनका बारेमा उनीहरुले आइतवार माइकिङ गरेका थिए । बसपार्क समन्वय समितिका संयोजक सुजनराज शिवाकोटीले आफूहरुले बसपार्कको विषयमा नेपाल सरकारका भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री प्रा.डा. कुमार इङनामलाई खुल्ला पत्र बुझाएको जानकारी दिए ।

२०८० सालको सर्वोच्च अदालतको संवैधानिक इजलासको फैसलापछि बसपार्कको ११५३ वटा कित्ता भूमिसुधार तथा मालपोत कार्यालय झापामा रोक्का गरिएको छ । बिर्तामोड बसपार्क क्षेत्रको ५१ बिघा जग्गामा पछिल्लो १५ वर्षदेखि घना बस्ती विकास भएको छ।

करिब ६ सय पक्की घर, ११५३ घडेरी, बसपार्क, शैक्षिक संस्था, व्यापारिक संरचना तथा अन्तर्राष्ट्रिय सहयोगमा बनेका पूर्वाधारहरू त्यही क्षेत्रमा अवस्थित छन्। नागरिकहरूले यही जग्गा धितो राखी बैंकबाट ऋण लिएका छन्, व्यवसाय सञ्चालन गरेका छन् र राज्यलाई कर तिरेका छन्। आफ्नो जग्गा रोक्का हुँदा करिव १० हजार नागरिक प्रभावित भएका छन् ।




# इरानमा प्रदर्शनकारीमाथि भीषण दमनः ६ हजारको मृत्यु

एजेन्सी । इरानमा जारी सरकार विरोधी प्रदर्शनमा सुरक्षा फौजले गरेको दमनका क्रममा करिब छ हजार मानिसको मृत्यु भएको छ। अमेरिकामा आधारित मानव अधिकार समूहले सोमबार सार्वजनिक गरेको प्रतिवेदन अनुसार, सुरक्षा बलको कारबाहीमा परी अहिलेसम्म ५ हजार ८४८ जनाको मृत्यु भएको पुष्टि भएको छ।

गत डिसेम्बरको अन्त्यमा आर्थिक संकट र मूल्यवृद्धिको विरोधमा सुरु भएको प्रदर्शन जनवरी ८ देखि इस्लामिक गणतन्त्रको सत्ता विरुद्धको जनआन्दोलनमा परिणत भएको थियो।

अधिकारवादी समूहहरूले सरकारले १८ दिनसम्म इन्टरनेट पूर्ण रूपमा बन्द गरेर (ब्ल्याकआउट) प्रदर्शनकारीमाथि सिधै गोली प्रहार गरी 'अभूतपूर्व दमन' गरेको आरोप लगाएका छन्।

मानव अधिकार कार्यकर्ता समूहका अनुसार मृत्यु हुनेमा २०९ जना सुरक्षाकर्मी समेत रहेका छन्। यसबाहेक १७ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको आशङ्का गरिएको छ, जसको अनुसन्धान भइरहेको छ। हालसम्म ४१ हजार २८३ जना प्रदर्शनकारीलाई पक्राउ गरिएको प्रतिवेदनमा उल्लेख छ। इरानमा बढ्दो दमनलाई लिएर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सैन्य हस्तक्षेपको विकल्प खुला

# हिंसात्मक अभिव्यक्ति नदिने राप्रपा उम्मेदवार नेपालले गरे कागज

झापा, माघ १२ । अब उप्रान्त हिंसात्मक अभिव्यक्ति नदिने लिखित कागज गराएर झापा २ मा राष्ट्रिय प्रजातन्त्र पार्टीका उम्मेदवार स्वागत नेपाल भन्ने भद्रप्रसाद नेपाललाई साइबर ब्यूरोले छोडेको छ ।

साइबर ब्यूरोमा उपस्थित गराई उनलाई प्रारम्भिक सोधपुछ गर्दा अव उप्रान्त यस्तो गलत अर्थ लाग्ने अभिव्यक्ति दिने छैन, कानुनको पालना गर्ने गरी अभिव्यक्ति दिने छु भनी लिखित कागज गराई खोजी भएका बखत उपस्थित हुने गरी प्रस्तुत घटनाको अनुसन्धान भइरहेको व्यूरोका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी उपरीक्षक दिपकराज अवस्थीले प्रेस विज्ञप्ति जारी गरी जनाएका छन् ।



बिर्तामोड नगरपालिका वडा नं. ७ घर भएका ५० वर्षीय नेपालले चुनावी प्रचार प्रसारको क्रममा सामाजिक सञ्जालबाट 'जसले पृथ्वी नारायण शाहको विरोध गर्दछ त्यसको टाउको काटिन्छ, काट्नु पर्छ, म काट्न तयार हुन्छु' भन्ने जस्ता सार्वजनिक नैतिकता र शिष्टाचार विरुद्धका समाजमा हिंसालाई प्रशय गर्ने खालका कानुन विपरीतका अभिव्यक्तिहरू दिएको व्यूरो जनाएको छ । जुन लोक आवाज नामक युट्युव च्यानललगायतका संचारमाध्यमबाट प्रसारित भएको थियो । सामाजिक सञ्जाल लगायत अन्य डिजिटल प्लेटफर्महरूमा कानुन विपरीतका अभिव्यक्ति दिने तथा श्रव्य दृश्य सामग्रीहरू प्रसारित गर्ने उपर समेत यस ब्यूरोबाट निगरानी भइरहेको र यस्ता गतिविधिमा संलग्नता पुष्टि भएमा कानुन बमोजिम कारवाही हुने प्रहरी उपरीक्षक अवस्थीले जानकारी दिएका छन् ।

# तीन युवा नेता भन्छन् – हामी चुरे खन्न दिँदैनौ

झापा, माघ १२ । झापाका तीन युवा नेताले आफूहरु गुन्डा नभएको बताएका छन् ।

नेकपा एमालेनिकट युवा संघका केन्द्रीय सदस्य तथा झापा इन्चार्ज राज आङदम्बे , नेपाली कम्युनिस्ट पार्टीनिकट अखिल नेपाल खेलकुद महासंघका झापा अध्यक्ष सुरेश आले र कांग्रेसनिकट नेपाल तरुण दलका केन्द्रीय सदस्य तथा नेपाल विद्यार्थी संघका पूर्व जिल्ला सभापति राजेन्द्र उप्रेतीले सोमवार बिर्तामोडमा पत्रकार सम्मेलन गरी निर्माणाधीन एसियन हाइवेको ठेक्का लिएको निर्माण कम्पनीका मजदुरमाथि हातपात गरी गाडी कब्जा गरेको र गुन्डागर्दी गरेको भन्ने आरोप सरासर गलत भएको स्पष्ट पारेका छन् । एभ्रास्कन र कालिका जेभीका तर्फबाट मेनेजर उज्वल प्रसाईले सार्वजनिक गरेको विज्ञप्ति र त्यसका आधारमा प्रकाशित समाचारहरुमा आफूहरुलाई लक्षित गरी चरित्र हत्या गर्ने, सामाजिक मान प्रतिष्ठामा आँच पुर्‍याउने कार्य गरेको भन्दै उनीहरुले त्यसको घोर निन्दासमेत गरेका छन् ।

एशियन हाइवे निर्माणको क्रममा निर्माण कम्पनी एभ्रास्कन कालिका जोइन्ट भेन्चरले प्रारम्भिक वातावरणीय प्रतिवेदन तयार नगरी अवैध तरिकाले चुरे जस्तो संवेदनशील क्षेत्रको दोहन गर्ने मनसायले मदन भण्डारी राजमार्गलाई प्रत्यक्ष असर पार्ने, स्थानीय जनताको दैनिकी समेतलाई असर गर्नेगरी माटो उत्खनन् गरेर पुरुवा ल्याउने काम गरिरहेकोले सोधपुछ गर्ने काम भएको स्वीकारेका छन् । उनीहरुले राष्ट्रिय गौरवको एसियन हाइवे निर्माणको आफूहरु विरोधी नभएको बताउँदै तर चुरे क्षेत्र कुनै पनि हालतमा उत्खनन् गर्न नदिने चेतावनी दिएका छन् ।



❖ बाँकी पृष्ठ ४ मा

**धुलाबारी क्याम्पस**
**मेचीनगर १०, झापा**

**सूचना**

यस धुलाबारी क्याम्पस मे.न.पा.-१० को ल्याव व्यवस्थापनका लागी निम्न अनुसारको व्यवस्थापनका सामाग्रीहरु आवश्यक भएकोले उपलब्ध गराउनका लागी सुचिकृत भएका फर्म तथा कम्पनीहरुको आजको मितिबाट १५ दिन भित्र दररेट सहित कोटेशन (तल उल्लेखित अनुसार क्षमता भएको ) उपलब्ध गराईदिनु हुनका लागी यो सूचना प्रकाशित गरिएको छ ।

| Sn | Name of Practical/ Equipments | Unit | Rate | Amount |
|---|---|---|---|---|
| 1 | Aggregate Shape test ( FI & EI ) | 1 | | |
| 2 | Analysis of plane frame with different loading condition | 1 | | |
| 3 | Bio Chemical Oxygen Demand | 1 | | |
| 4 | Chemical Oxygen Demand test | 1 | | |
| 5 | Deflection on Plane truss | 1 | | |
| 6 | Determination of Atterburg Limit | 2 | | |
| 7 | Determination of E Coiform ( Fluid Tool Kit ) | 1 | | |
| 8 | Ditermination of Optimum dose of congulent by the jar test | 1 | | |
| 9 | Examination of settelable and non settleable solid | 1 | | |
| 10 | Examination of Volatile , Fixed Solid and Total Solid | 1 | | |
| 11 | Experiment related to horizontal trust in a two hinged arch | 1 | | |
| 12 | Experimental analysis of continious beam. | 1 | | |
| 13 | Experimental analysis of portal frame | 1 | | |
| 14 | Experimental analysis on Suspension bridge | 1 | | |
| 15 | Extraction of Bitumen from Mix. Hand type | 1 | | |
| 16 | Peterographics Microscope | 1 | | |
| 17 | Reaction on three hinged Arch | 1 | | |
| 18 | Rebound Hammer | 1 | | |
| 19 | Variable Heat Permissiable test | 1 | | |
| 20 | Vary Maxwells Theorem of reciprocal deflection with the help of a truss and beam | 1 | | |
| 21 | Water Supply physical test turbiability | 1 | | |

**इ. रुद्र मैनाली**
**क्याम्पस प्रमुख**

# प्रेस विज्ञप्ति

मिति २०८२/१०/१२

**प्रिय सञ्चारकर्मी महानुभावहरु**

**काँकरभिट्टा– लौकही खण्डसम्मको एसियन हाइवे निर्माण कार्य जारी रहेको सबैमा सर्वविदित नै छ। उक्त परियोजनामा काम गर्दै आएको (EVRASCON/KALIKA/ JOINT VENTURE -JV) ले हाम्रो नाम उल्लेख गरेर आइतवार सार्वजनिक गरेको विज्ञप्ति र केही सञ्चार माध्यममा सार्वजनिक भएका समाचारहरुप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। सार्वजनिक गरिएको विज्ञप्ति र समाचारहरुमा हामीलाई लक्षित गरी चरित्र हत्या गर्ने, सामाजिक मान प्रतिष्ठामा आँच पुर्‍याउने उद्धेश्य स्पष्ट छ। त्यसको हामी घोर निन्दा गर्दछौं। निर्माण कम्पनीका मजदुरमाथि हातपात गरी गाडी कब्जा गरेको र गुन्डागर्दी गरेको भन्ने आरोप सरासर गलत भएको यसै विज्ञप्तिमार्फत सम्पूर्ण सञ्चारकर्मीहरुमा स्पष्ट पार्न चाहन्छौं।**

**एसियन हाइवे निर्माणको क्रममा निर्माण कम्पनी एभ्रास्कन /कालिका जोइन्ट भेन्चरले प्रारम्भिक वातावरणीय प्रतिवेदन तयार नगरी अवैध तरिकाले चुरे क्षेत्र जस्तो संवेदनशील क्षेत्रको दोहन गर्ने मनसायले मदन भण्डारी राजमार्गलाई प्रत्यक्ष असर पार्ने, स्थानीय जनताको दैनिकी समेतलाई असर गर्नेगरी माटो उत्खनन् गरेर पुरुवा (र्षिष्लिन) गर्ने काम भइरहेको जानकारीपश्चात् सोधपुछ गर्ने काम भएको हो।**
**कुनै पनि सम्बन्धित निकायबाट अनुमति नलिई, अनाधिकृत रुपमा, उत्खनन् गरी हाइवेमा पुरुवा हाल्ने काम भइरहेको अवस्थामा स्थानीय प्रभावित नागरिकहरुले स्थानीय प्रशासनलाई जानकारी गराएपश्चात् प्रशासनले नै पुरुवा ओसार्ने साधनलाई नियन्त्रणमा लिएको हो। उक्त अवैध काममा संलग्न सवारीहरुलाई प्रभावित नागरिकहरुले कनकाई सव डिभिजन कार्यालय सुरुङ्गालाई जिम्मा लगाई कानूनी कारवाही अगाडी बढाएको अवस्थामा हामीलाई जोडेर गरिएको प्रचार झुट र कपोकल्पित छ। यसको प्रमाण पेश गर्न कम्पनीलाई यसै विज्ञप्तिमार्फत आग्रह गर्दछौं। मिति २०८२/१०/१० गते पनि सदाझैं निर्माण कम्पनीले अनाधिकृत रुपमा बिना अनुमति चुरे क्षेत्रमै अवैध उत्खनन् गरी पुरुवा ल्याउने क्रममा दुर्गापुर क्षेत्रमा स्थानीय जनताको आग्रहमा प्रहरीले सवारी साधन नियन्त्रणमा लिई दुर्गापुरको प्रहरी विटमा बुझाइएको थियो। सोको आवश्यक कारबाहीको लागि प्रकृया अगाडी बढिरहेको अवस्थामा हामीलाई जोडेर एभ्रास्कन/ कालिका जोइन्ट भेन्चरले भ्रमपूर्ण विज्ञप्ति सार्वजनिक गर्नु कुनै पनि हिसावमा स्वीकार्य छैन ।**

**हामी सामाजिक क्षेत्रमा क्रियाशील युवाहरुको बदनाम गर्न प्रेषित विज्ञप्तिको खण्डन गर्दै निज उज्ज्वल प्रसाईलाई कारबाहीको माग गर्दछौं। अन्त्यमा, निर्माण कम्पनीले उत्खनन् गरेको स्थलको अनुगमन गरी स्थानीय जनताको राय, सुझाव समेत बुझी उत्खनन्को यथार्थ बाहिर ल्याउन सम्बन्धित निकाय, स्थानीय प्रशासनसँग जोडदार माग समेत गर्दछौं ।**

| | | |
|---|---|---|
| **राज आङ्दम्बे** | **सुरेश आले मगर** | **राजेन्द्र उप्रेती,** |
| **बिर्तामोड-४** | **बिर्तामोड** | **कनकाई-३** |

# आर्यनको उपचारमा इक्यान झापाको आर्थिक सहयोग

बिर्तामोड । शैक्षिक परामर्शसंगै सामाजिक क्षेत्रमा समेत सक्रिय रहेको नेपाल शैक्षिक परामर्श संघ(इक्यान) झापाले एक विद्यार्थीको उपचारमा आर्थिक सहयोग गरेको छ ।

बिर्तामोड नगरपालिका -३ घर भएका १६ वर्षीय आर्यनकुमार महत्तोको उपचारमा इक्यान झापाको सामाजिक उत्तरदायित्व विभागले एक कार्यक्रमका बीच आर्थिक सहयोग गरेको हो । एप्लास्टिक एनीमिया नामक रोगका कारण हाल भारतको नयाँदिल्लीस्थित एम्स हस्पिटलमा उपचाररत महत्तोलाई आर्थिक संकट भएसंगै इक्यान झापाले सामाजिक उत्तरदायित्वअन्तर्गत ३६ हजार रुपैंया आर्थिक सहयोग गरेको हो । बिर्ताबजारस्थित महेन्द्र रत्न माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीको बोनम्यारो ट्रान्सप्लान्ट गर्नुपर्ने भएको र उनको उपचारमा करिब ५० लाख रुपैंया खर्च लाग्ने बताएसंगै महत्तो परिवारले सहयोगको याचना गरेको थियो । सहयोग रकम लिएर इक्यान झापाको टोली उनको घरमै पुगेको थियो ।



सहयोग हस्तान्तरण कार्यक्रममा बोल्दै बिर्तामोड-३ का वडाध्यक्ष मदन बुढाथोकीले आफू पनि शैक्षिक परामर्श क्षेत्रमा कार्यरत रहेकाले ती विद्यार्थीको उपचारमा इक्यानले सहयोग गरेको भन्दै सानो सहयोगले पनि यस्तो अवस्थामा ठूलो महत्व राख्ने धारणा ब्यक्त गरे ।

इक्यान झापाका अध्यक्ष राजकुमार कार्कीले शैक्षिक परामर्शसंगै सामाजिक क्षेत्रमा समेत इक्यान झापाले विभिन्न कार्यक्रमहरु गर्दै आएको र एक विद्यार्थी आर्थिक अभावकै कारण उपचारमा बञ्चित हुनु नपरोस् भनेर सानो सहयोग लिएर घरमै आएको बताए । उनले आगामी दिनमा राहत संकलनका लागि अन्य निकायसंग पनि पहल गर्ने प्रतिबद्धता जनाए ।

इक्यान झापाका उपाध्यक्ष एवम् सामाजिक उत्तरदायित्व विभाग (सीएसआर) प्रमुख अशोक भण्डारीले नेपाल शैक्षिक परामर्श संघ इक्यान झापाले सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न क्षेत्रमा सहयोगका कार्यक्रमहरु सञ्चालन गरिरहेको बताए । उनले ती विद्यार्थीको उपचारमा इक्यानको तर्फबाट सहयोग गर्ने अवसर प्राप्त भएको भन्दै सानै उमेरमा जटिल रोगको सामना गरिरहेका महत्तोको स्वास्थ्य लाभको समेत कामना गरे । कार्यक्रममा इक्यान झापाका संस्थापक अध्यक्ष एवम् प्रमुख सल्लाहकार सुमान शर्मा जमरकट्टेल, इक्यान झापाका कोषाध्यक्ष तुलसी पाठक, इक्यान झापाका कार्यसमिति सदस्य एवम् संगठन विभाग प्रमुख मोहन पराजुली, सामाजिक उत्तरदायित्व विभाग (सीएसआर) का सदस्य कृष्ण खतिवडा, सञ्जय पौडेललगायतको सहभागिता रहेको थियो । सहयोग रकम हस्तान्तरण कार्यक्रममा बोल्दै आर्यनका मामा प्रमोद महत्तोले नेपाल शैक्षिक परामर्श संघ (इक्यान) झापालाई धन्यवाद दिए । उनले इक्यान झापालाई सहयोगको याचना गर्दा घरमै आएर सहयोग गरेको भन्दै खुशी ब्यक्त गरे ।

# एक्सेल बैंकद्वारा विद्यार्थीहरुलाई न्यानो कपडा वितरण

झापा, माघ १२ । एक्सेल डेभलपमेन्ट बैंकले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यार्थीहरुलाई न्यानो कपडा वितरण गरेको छ । उदयपुरको वेलका नगरपालिका-८ स्थित प्रकाश काफ्ले आधारभूत विद्यालयका विद्यार्थीहरुलाई न्यानो कपडा बितरण गरेको हो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष भरत यादव र विद्यालयका प्रधानाध्यापक प्रमिला थापाले बैंकको यस कार्यप्रति धन्यवाद दिँदै खुसी व्यक्त गरेका थिए ।

यस कार्यक्रममा बैंकका कर्मचारी, स्थानीय बासिन्दा, तथा समाजसेवीहरूको समेत सक्रिय सहभागिता रहेको थियो।

न्यानो कपडा वितरण कार्यक्रमसँगै बैंकले अन्य थुप्रै सामाजिक उत्तरदायित्व कार्यक्रमहरू पनि सञ्चालन गर्दै आइरहेको छ। बैंकले शिक्षा, स्वास्थ्य, तथा वातावरण संरक्षणका क्षेत्रमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने प्रतिवद्धता जनाएको छ।

प्रादेशिक विकास बैंकको रुपमा झापा जिल्लाको बिर्तामोडमा केन्द्रीय कार्यालय रहेको यस बैंकले हाल झापा, इलाम, मोरङ, सुनसरी, पा'चथर, उदयपुर, संखुवासभा र धनकुटा जिल्लाका विभिन्न ४७ स्थानमा अवस्थित आफ्ना शाखा कार्यालयहरु साथै तीनवटा एटीएममार्फत ग्राहकहरु समक्ष बैंकिंग सेवा प्रदान गरिरहेको छ । साथै बैंकले आफ्नो सेवा विस्तार गर्दै कोशी प्रदेश कार्यक्षेत्र भित्रका अन्य जिल्लाहरुमा समेत थप नयाँ शाखाहरु स्थापना गर्ने लक्ष्य लिएको छ ।

# हिमालयन लाइफ इन्स्योरेन्स लि.

प्रधान कार्यालय, काठमाण्डौ, नेपाल

फोन नं. ४४४१४१४, ४४४१७७८, ४४४१६६४

## हकदावी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपशिलमा उल्लेख भएका बीमितहरुले बीमालेख हराएको/नासिएकोले प्रतिलिपि बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बिमालेख उपर कसैको हकदाबी भए सो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाणसहित हकदाबी दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अवधिभित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपि बीमालेख जारी गरिने व्यहोरा समेत सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

| क.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १. | Uli-1090000082 | सौगात अधिकारी | आमचोक, इलाम |

# बचत तथा ऋण सहकारी संघ झापामा पद हस्तान्तरण

झापा,माघ १२ । बचत तथा ऋण सहकारी संघ झापाको नवनिर्वाचित कार्यसमिति तथा लेखा सुपरीवेक्षण समितिलाई पद हस्तान्तरण गरिएको छ । संघको आगामी चार वर्षे कार्यकालका लागि युवराज गिरीको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको थियो । संघको चौथो अधिवेशनबाट उपाध्यक्ष यामकुमार चुडाल, महिला उपाध्यक्ष सुशिला रिजाल, सचिव बिनोद ढकाल, सदस्यमा हिमालयप्रकाश कन्दङ्वा, महेश घिमिरे, मित्रलाल खनाल, उमाकान्त आचार्य र संगीता कोइराला सर्वसम्मत निर्वाचित भएका थिए । यसैगरी लेखा सुपरीवेक्षण समितिको संयोजकमा जगन्नाथ भट्टराई, सदस्यमा गायत्रीप्रसाद मैनाली र डिल्लीराम ढकाल पनि सर्वसम्मत निर्वाचित भएका थिए ।



संघका अध्यक्ष तुलाराम न्यौपानेको अध्यक्षतामा सम्पन्न सपथ ग्रहण कार्यक्रममा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ (नेफ्स्कुन)का महासचिव घनश्याम अधिकारी प्रमुख अतिथि रहेका थिए । निर्वाचन समिति संयोजक देवेन्द्र भण्डारीले नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरूलाई सपथ ग्रहण गराएका थिए । संघका बरिष्ठ उपाध्यक्ष उपेन्द्रप्रसाद ओलीले स्वागत गरेको कार्यक्रममा प्रमुख अतिथि नेफ्स्कुन महासचिव घनश्याम अधिकारी, जिल्ला सहकारी संघ झापाका अध्यक्ष प्रेमकुमार कोइराला, बरिष्ठ उपाध्यक्ष दुर्गाप्रसाद सापकोटालगायतले शुभकामना मन्तव्य राखेका थिए ।

उद्घाटन कार्यक्रम निवर्तमान अध्यक्ष न्यौपानेको अध्यक्षतामा सम्पन्न भएको थियो भने दोस्रो सत्रको कार्यक्रम नवनिर्वाचित अध्यक्ष युवराज गिरीको अध्यक्षतामा भएको थियो । कार्यक्रमको सञ्चालन संघकी ब्यवस्थापक कोपिला बजगाँई र सचिव बिनोद ढकालले संयुक्त रुपमा गरेका थिए ।

# प्रत्यक्षतर्फको मतपत्र छपाइ सुरु

काठमाडौं । २०८२ फागुन २१ प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि आवश्यक पर्ने समानुपातिक निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ कार्य सम्पन्न भएको छ।

भक्तपुरको सानोठिमीस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा भइरहेको छपाइ कार्यअन्तर्गत समानुपातिकतर्फको सम्पूर्ण काम सोमबार सकिएको हो।

जनक शिक्षा सामग्री केन्द्रको स्थलगत



अनुगमनपछि जानकारी दिँदै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले समानुपातिक निर्वाचन प्रणालीका लागि आवश्यक पर्ने २ करोड ८ लाख ५४ हजार ८०० थान मतपत्र छापिसकिएको बताए। एउटा महत्वपूर्ण खुड्किलो पार भएको उल्लेख गर्दै उनले अब निर्वाचनको सम्पूर्ण ध्यान प्रत्यक्षतर्फको मतपत्र छपाइमा केन्द्रित भएको जानकारी दिए।

प्रत्यक्षतर्फको छपाइ सुरु समानुपातिकतर्फको छपाइ सकिएकै दिन अर्थात् सोमबारदेखि नै 'पहिलो हुने निर्वाचित हुने' (प्रत्यक्ष) निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ कार्य समेत प्रारम्भ गरिएको छ। प्रत्यक्षतर्फ कुल २ करोड ३ लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगको भनाइ छ। कार्यवाहक प्रमुख आयुक्त भण्डारीका अनुसार प्रत्यक्षतर्फको छपाइ कार्य बढीमा १५ दिनभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। "हामीले समानुपातिकतर्फको काम सकेर सोमवारबाटै प्रत्यक्षतर्फको छपाइ सुरु गरेका छौं," उनले भने, "अहोरात्र काम गरेर आगामी १५ दिनभित्र सबै मतपत्र छापिसक्नेछौं।"

फागुन ५ भित्रै गाउँ-गाउँमा मतपत्र मतपत्र छपाइ सँगसँगै आयोगले ढुवानीको तालिका पनि तय गरिसकेको छ। छापिएका मतपत्रहरूलाई सुरक्षित रूपमा जिल्ला र स्थानीय तहसम्म पुऱ्याउन नेपाली सेनासहितको सुरक्षा घेरामा ढुवानी गरिनेछ। आगामी फागुन ५ गतेभित्र देशका सबै मतदान क्षेत्र र मतदानस्थलहरूमा मतपत्र पुगिसक्ने गरी आयोगले आवश्यक तयारी पूरा गरेको छ। निर्वाचनको मिति नजिकिँदै गर्दा जनशक्ति र मेसिनको अधिकतम प्रयोग गरेर समयमै सामग्री व्यवस्थापन गर्ने कार्यमा आयोग जुटेको देखिन्छ।

## इरानमा...

रहेको बताउनुभएको छ। अमेरिकाले यस क्षेत्रमा विमान वाहक पानीजहाज 'युएसएस अब्राहम लिङ्कन' सहितको 'विशाल फ्लीट' पठाएको छ।

यसको जवाफमा इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले कुनै पनि वैदेशिक आक्रमणको 'व्यापक र खेदजनक' जवाफ दिने चेतावनी दिनुभएको छ। तेहरानको केन्द्रीय एङ्गेलाब स्क्वायरमा अमेरिकी विमान वाहक नष्ट भएको देखाइने गरी 'अमेरिका विरोधी' बिलबोर्डहरू राखिएका छन्।

इरान सरकारले भने आफ्नो आधिकारिक तथ्याङ्कमा ३ हजार ११७ जनाको मात्र मृत्यु भएको दाबी गरेको छ। सरकारले तीमध्ये अधिकांशलाई प्रदर्शनकारी वा 'दङ्गाकारी' द्वारा मारिएका निर्दोष नागरिक भनेर परिभाषित गरेको छ। तर, नेटब्लक्स जस्ता इन्टरनेट मोनिटरहरूले ब्ल्याकआउटका कारण दमनको वास्तविक तस्बिर अझै बाहिर आउन नसकेको जनाएका छन्।

यसैबीच, सर्वोच्च नेता अयातुल्ला अली खामेनीले 'राजद्रोहीहरूको कमर तोड्ने' चेतावनी दिएपछि अवस्था थप तनावपूर्ण बनेको छ। लेबनानमा इरान समर्थित सशस्त्र समूह हेजबुल्लाहले पनि इरानको समर्थनमा र अमेरिकाको विरोधमा प्रदर्शनहरू सुरु गरेको छ।

## तीन युवा...

कुनै पनि सम्बन्धित निकायबाट अनुमति नलिई, अनाधिकृत रुपमा उत्खनन् गरी हाइवेमा पुरुवा हाल्ने काम भइरहेको दावी गर्दै स्थानीय प्रभावित नागरिकहरुले स्थानीय प्रशासनलाई जानकारी गराएपश्चात् प्रहरीले नै पुरुवा ओसार्ने साधनलाई नियन्त्रणमा लिएको उनीहरुको भनाई छ । सामाजिक क्षेत्रमा क्रियाशील आफूहरुलाई बद्नाम गर्न प्रेषित विज्ञप्तिको खण्डन गर्दै उनीहरुले निर्माण कम्पनीका मेनेजर प्रसाईलाई कारबाहीको मागसमेत गरेका छन् ।

सुरक्षाको प्रत्याभूति नभएको भन्दै निर्माण कम्पनीले हिजोदेखि पूर्व-पश्चिम एसियन हाइवे विस्तारको काम रोकेको छ ।

प्रहरी प्रशासनले सुरक्षाको प्रत्याभूति दिलाउनु पर्ने र नियन्त्रणमा लिइएका आफ्ना सवारी साधन छोड्नु पर्ने अडानमा निर्माण कम्पनी रहेको छ ।

माघ १० गते ४ वटा , माघ ९ गते एउटा र पुष २३ गते दुईवटा टिपर स्थानीयले नियन्त्रणमा लिएर प्रहरीलाई बुझाएका थिए । शनिवार बिहान १;३०बजे कनकाई वडा न.१ मा प्र.१-०२-०१क.३७४८न.को टिपर र चालक बाह्रदशी वडा न.१बस्ने सुमन माझी , प्र.१-०२-००१क.४३२६न.को टिपर र चालक बेलबारी वडा न.२ लालभित्ती बस्ने सरोज तोलाङ्गे , प्र.१-०२-००१क.४३२५न.को टिपर र चालक बिराटनगर वडा न.१२बस्ने सनम श्रेष्ठ तथा ना५ख६४९०न.को टिपर र चालक झापा गाउँपालिका वडा न.२ बस्ने गोमत दासलाई नियन्त्रणमा लिइएको थियो । नियन्त्रणमा लिइएका ७ वटा टिपरमध्ये पाँचवटा अर्जुनधारा नगरपालिका कार्यालय र दुईवटा सव डिभिजन कार्यालय सुरुङ्गामा राखिएको छ ।

## मोटरसाइकल हराएको सूचना

**यही मिति २०८२ साल पुष १० गते राति २ बजे बिर्तामोडको शनिश्चरे रोड अल्पाइन होटल अगाडिबाट अजय अग्रवाल बंशलको नाममा रहेको** HULAS AUTO **कम्पनीको मोडल** DO MINAR **सन् २०२० मा बनेको हरियो रंगको इन्जिन नं** JFYCKG44929 **र चेसिस नं** MD2A67Y1KCG82378 **भएको प्र १-०१-०१३ प ८८८८ नं को मोटरसाइकल हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा मोबाइल नम्बर ९८४२६४०१०६ मा सम्पर्क गरिदनु हुन अनुरोध गर्दछौ ।**

**अजय अग्रवाल बंशल**

## निक्षेपउपर हकदावी सम्बन्धी ३५ दिने सूचना

कोशी प्रदेश झापा जिल्ला, अर्जुनधारा नगरपालिका वार्ड नं.-३मा बस्ने श्री अग्नीधर भट्टराईका नाति, श्री चन्द्रकान्तपाध्य भट्टराईका छोरा, श्री राम प्रसाद भट्टराईको मिति वि.सं.२०८२/०९/०६गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय खुदुनावारी शाखामा रहेको वचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती बछला भट्टराईले मिति वि.सं. २०८२/१०/०७मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

# शिवसताक्षी नगरपालिका नगर कार्यपालिकाको कार्यालय

**ब्याङडाँडा ,झापा**

## जनहितमा जारी सूचना

**महिला हिंसा अन्त्य गरौं ।**

१. महिला हिंसा जहाँसुकै र जो सुकैबाट पनि हुन सक्छ, सचेत होऔं,
२. महिलामाथि शारीरिक, मानसिक, आर्थिक र सामाजिक रुपमा हिंसा हुन सक्छ,
३. कुनै प्रकारको हिंसा भएमा उजागर गर्ने हिम्मत गरौं,
४. हिंसामा परे तत्काल कानूनी सहायता लिऔं
५. कानूनी सहायता र सहयोगका लागि महिला हेल्पलाइन (११४५) मा सम्पर्क गरौं,
६.घर-परिवार, विद्यालय, कार्यालय र समाजमा समान व्यवहार गरौं,
७. महिला अधिकार र सम्मानको संरक्षणमा सबै जिम्मेवार बनौं,
८.हिंसामुक्त घर तथा समाज निर्माणमा जिम्मेवार होऔं,
९. महिला हिंसा विरुद्ध शुन्य सहनशीलता अपनाऔं ।




नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# नरसंहार रोक

इरानमा जारी सरकार विरोधी प्रदर्शनमा सुरक्षा फौजले गरेको दमनका क्रममा करिब छ हजार मानिसको मृत्यु भएको छ। अमेरिकामा आधारित मानव अधिकार समूहले सोमबार सार्वजनिक गरेको प्रतिवेदन अनुसार, सुरक्षा बलको कारबाहीमा परी अहिलेसम्म ५ हजार ८४८ जनाको मृत्यु भएको पुष्टि भएको छ। गत डिसेम्बरको अन्त्यमा आर्थिक संकट र मूल्यवृद्धिको विरोधमा सुरु भएको प्रदर्शन जनवरी ८ देखि इस्लामिक गणतन्त्रको सत्ता विरुद्धको जनआन्दोलनमा परिणत भएको थियो। अधिकारवादी समूहहरूले सरकारले १८ दिनसम्म इन्टरनेट पूर्ण रूपमा बन्द गरेर (ब्ल्याकआउट) प्रदर्शनकारीमाथि सिधै गोली प्रहार गरी 'अभूतपूर्व दमन' गरेको आरोप लगाएका छन्।

मानव अधिकार कार्यकर्ता समूहका अनुसार मृत्यु हुनेमा २०९ जना सुरक्षाकर्मी समेत रहेका छन्। यसबाहेक १७ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको आशङ्का गरिएको छ, जसको अनुसन्धान भइरहेको छ। हालसम्म ४१ हजार २८३ जना प्रदर्शनकारीलाई पक्राउ गरिएको प्रतिवेदनमा उल्लेख छ।

इरानको धार्मिक कट्टरपन्थी शासनले जनविद्रोहमा सहभागी हजारौं नागरिकको नरसंहार गरेको समाचार आए पनि अन्तर्राष्ट्रिय समुदाय लाचार र मौन देखिनु अत्यन्त चिन्ताको विषय हो। यस्तो आज गम्भीर मानवीय सङ्कटमा पनि मौन रहने हो भने विश्वका नागरिकहरूको मानवताबाटै विश्वास उठ्नेछ।

राज्यसत्ताको नाममा आफ्नै निहत्था नागरिकमाथि गरिएको दमन, हत्या र नियोजित हिंसा आन्तरिक राजनीतिको विषयमात्र मानिन सक्तैन। यो मानवअधिकार बढापत्रको खुला उल्लङ्घन हो। विशेषगरी जातीय अल्पसङ्ख्यक, महिलाहरू, राजनीतिक विरोधी, पत्रकार र मानवअधिकारकर्मीप्रति लक्षित हिंसाले इरानमा नरसंहार गम्भीर अवस्थामा पुगेको छ।

महँगीविरुद्ध सुरु भएको विद्रोह बढ्दै गएपछि जीवन र स्वतन्त्रताको माग गर्दै सडकमा उत्रिएका नागरिकहरूलाई गोली, फाँसी र जेलमार्फत चुप लगाउने प्रयास भइरहेको छ। संसारसँग सञ्चार सम्पर्क बन्द गरिएको इरानभित्र वास्तवमा के भइरहेको छ भन्ने बुझ्नसमेत संयुक्त राष्ट्रसंघलगायत अन्तर्राष्ट्रिय समुदाय अग्सर भएको देखिएन।

सरकारविरुद्ध प्रदर्शनमा सहभागी हुनु, सामाजिक सञ्जालमा विचार राख्नु वा राज्यको आलोचना गर्नुलाई नै 'राष्ट्रद्रोह' ठहर गरी मृत्युदण्डसम्म दिइनु शासनको चरम क्रूर र भयावह अनुहार हो। अझ डरलाग्दो कुरा, यी सबै राज्य संरक्षित हिंसाका घटनाहरू विश्व समुदायको आँखै अगाडि भइरहँदा पनि मान्छेको प्राण जोगाउन सार्थक हस्तक्षेप कसैले गर्न सकेको छैन।

यति ठूलो नारसंहारलाई सत्ता र विपक्षबीचको द्वन्द्वमात्र ठानियो भने मानवताको इतिहासमै कलङ्क हुनेछ। अहिलेको नरसंहार त मानव अस्तित्व र गरिमामाथिको हमला हो। कुनै पनि सार्वभौम राष्ट्रले आफ्नै नागरिकलाई सामूहिक रूपमा दमन गर्ने, बेपत्ता पार्ने र हत्या गर्ने अधिकार पाउँदैन। यस्तो नरसंहारलाई आन्तरिक मामिलाको आवरणमा बेवास्ता गर्नु वा मौन रहनु अपराधमा अप्रत्यक्ष साझेदारी गर्नु सरह हो।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# निर्वाचनपछिको कार्यदिशा



• भरत गौतम

राजनीति नै राज्यको मूल नीति हो। मूल नीतिको आधारमा अन्य नीतिको आधार तय हुन्छ। नीति तय गर्ने सर्वोच्च संस्था संसद् हो। निर्वाचनबाट नीति निर्माण तहमा आफ्नो जनप्रतिनिधि पठाउने लोकतान्त्रिक पद्धति चलिरहेको छ। यसरी जनअनुमोदित राजनीतिक शक्ति शासन सञ्चालनको मियोमा रही जनहितमा लाग्नु लोकतन्त्रको असल अभ्यास हो। जनहितका लागि अहोरात्र सक्रिय भई जनताको समुन्नत जीवनको लक्ष्यमा पुग्न प्रयत्न गर्नु जनअनुमोदित प्रतिनिधिको मुख्य कर्तव्य हो। जनताले आवधिक निर्वाचनको महत्वपूर्ण अवसरमा आफ्नो जनप्रतिनिधिसहित शासकीय नेतृत्व चयन गर्ने र लाभान्वित हुने मौकालाई सामान्य र आवेकका रूपमा लिनु हुँदैन। मुलुकको हित र जनताको जितका लागि असल, सक्षम, प्रतिबद्ध र जागरुक नेतृत्वले मात्र आर्थिक रूपान्तरण गरी जनताको मन जित्न सक्छ। जनताले आमचुनावलाई क्षणिक रूपमा नलिई जनताको सुखद् भविष्य सुनिश्चित हुने सूत्रमा जोड्न आवश्यक छ।

सङ्घीय संसद् र शासनको नेतृत्वका लागि चुनाव हुँदै छ। विगतमा पनि चुनाव नभएका होइनन् तर जनताको भूमिका र निर्वाचित जनप्रतिनिधि एवं नेतृत्वको क्रियाकलाप तथा जनता र जनप्रतिनिधिबिचको सम्बन्ध जस्ता विषयमा गहन छलफल हुनै सकेनन्। मुख्य कमजोरी यो नै हो। आर्थिक विकासका केही काम भए तर जति हुनुपर्ने हो, त्यो हुन सकेन जनतामा आशा भन्दा निराशा बढ्दै गएको अनुभूतिले समय सीमाअघि नै विद्रोह भई पुनः निर्वाचन गर्नुपर्ने अवस्था आयो। आर्थिक रूपान्तरणको एजेन्डाभन्दा आर्थिक अनियमितताका विषयमा होहल्ला बढी भए। नेतृत्वको विलाशी जीवनले राजनीतिक अवसर पाउँदा चाँडै उच्चस्तरको जीवन जिउने तर जनताप्रति जिम्मेवार र जवाफदेही हुनुपर्ने विषय गौण भए। क्षणिक र आवेगमा जनमतको सदुपयोग गर्न सकिएन। आर्थिक उन्नतिका लागि छिमेकी देशको आर्थिक प्रगतिको प्रभावलाई आत्मसात् गर्न र नजिकको बजार एवं व्यापार बन्दाबस्तीको लाभ लिन सकिएन।

छिमेकी देशको आर्थिक अवस्था हेर्दा दक्षिणको चीन विश्वको दोस्रो अर्थतन्त्र भएको, कुल गार्हस्थ उत्पादन १९.६ ट्रिलियन यु एस डलर र प्रति व्यक्ति आय करिब १४ हजार डलर पुगेको अवस्था छ भने चीन विश्वको दोस्रो ठुलो जनसङ्ख्या भएको देश भएको छ। दक्षिणको छिमेकी देश भारतको कुल गार्हस्थ उत्पादन ४.९८ ट्रिलियन डलरको अर्थतन्त्रसहित प्रतिव्यक्ति आय ११,१७६ डलर भई विश्वको चौथो अर्थतन्त्र र बढी जनसङ्ख्या भएको देशका रूपमा स्थापित भएको छ। यी बाघ अर्थतन्त्र भएका देशका बिचमा रहेको नेपालको कुल गार्हस्थ उत्पादन ४३.४५ विलियन डलर र प्रतिव्यक्ति आय करिब १२०० डलरको अवस्थामा रहनु परेको छ।

छिमेकी देशको प्रगतिको सामान्य प्रभाव पनि नेपालीले अनुभूति गर्न पाएनन्। यसको दोष शासकीय नेतृत्व र नागरिकलाई पनि जान्छ। जनताले देशको हित र भलाई गर्ने असल र सही नेतृत्व छान्ने अवसरको सदुपयोग नहुँदा शासकीय प्रभाव कमजोर हुन पुग्यो। नेपालले सन् २०२६ मा मध्यम आय भएको देश हुने दूरदृष्टि राखेको र विकासशील देशमा स्तरोन्नति हुने अवसरको तयारीमा थियो। राजनीतिक अस्थिरता, प्रतिबद्ध र बलियो सरकार नहुँदा तर्जुमा गरिएका आर्थिक कार्यदिशा गतिशील हुन सकेनन्। यस्तो हुनुमा जनताको भूमिकामा पनि प्रश्न खडा भएको छ, असल नेतृत्व छान्न नसक्दा। जनताले शासन व्यवस्थाको मियोमा हुने जनअनुमोदित नेतृत्वलाई बेलगाम छोड्नु, छनोटमा विवेक नपुऱ्याउनु, नेतृत्वले जवाफदेही र जिम्मेवारी भूमिकामा हेलचेक्र्याइँ गर्नु, आफ्नो स्वार्थमा ध्यान दिनु जस्ता विकृतिले राज्य प्रताडित भइरहेको छ। जनतामा बेलामा होस् नपुऱ्याउने तर पछि पछुताउने र आक्रोशित हुने जस्ता व्यवहार देखिए। यी विकृतिको सुधार गर्न र लोकप्रिय शासकीय नेतृत्व ल्याउन समयमै सजक र सतर्क हुनुपर्ने हुन्छ।

आमचुनावमा यी विषयमा व्यापक बहस गरी जनताले बुझ्ने र लाभ लिन सक्ने आर्थिक अवसर खोजी गर्नु पर्छ। तदलनुकूलको आर्थिक मार्गचित्र तय गर्न जनताको भावना बुझ्ने शासकीय नेतृत्व चयन हुनु पर्छ। राजनीतिक दलको घोषणापत्र जनजनले बुझ्ने र व्यवहारमा ल्याउन सक्ने आधारको मूल्याङ्कन गरी जनताप्रति प्रतिबद्ध दलको जनप्रतिनिधि र नेतृत्व चयन गर्न स्वच्छ मतदानबाट उचित निर्णय लिन सक्ने आधार स्पष्ट हुन आवश्यक छ। राजनीतिक सचेतनाका लागि अग्रसर भएका संस्था, दबाब समूह, क्लब, नागरिक समाज एवं तटस्थ विज्ञहरूले दलको नेतृत्व वा जिम्मेवार पदाधिकारीलाई जनमानसमा स्थापित हुन सक्ने आर्थिक एजेन्डासहित बहस पैरवी गराउनु पर्छ। भोलिको आर्थिक रूपान्तरणको मार्गचित्र तय गरी त्यसको कार्यान्वयन गर्न सक्ने व्यक्तिलाई नेतृत्वमा पुऱ्याउने गरी मतदान गर्ने वातावरण निर्माण अहिलेको आवश्यकता हो। आर्थिक विधाका प्रत्येक क्षेत्रमा कस्ता कस्ता धारणा छन्, त्यसको नतिजा र नागरिकको जनजीवनमा ल्याउने सकारात्मक प्रभावको लेखाजोखा हुनै पर्छ। आर्थिक परिसूचकको वर्तमान अवस्था र ती सूचकको परिवर्तित अनुमान एवं जनताको जीवनस्तरमा आउने सुधारका विषयमा स्पष्ट पारी चुनावमा जनताको मन जित्न सक्ने नेतृत्व स्थापित गर्नु पर्छ।

जनशक्तिको उपयोग र वैदेशिक अवसरको विकल्प, औद्योगिक वातावरण र उत्पादन, व्यापारको अवसर र बजार पहुँच, पर्यटन, जलस्रोत, हस्तकला, जडीबुटी, सूचना प्रविधिलगायतका क्षेत्रमा थुप्रै सम्भावना छ। रोजगारीका सम्भावना यिनै क्षेत्रमा छन्।

समुन्नत आर्थिक कार्यदिशासहितको मार्गचित्र एवं कार्यान्वयनयोग्य प्रतिबद्धतासहितका लिखित दस्ताबेजको प्रष्टताका आधारमा जनताले बुझेर योग्य र सक्षम नेतृत्व चयन गर्नु पर्छ। काम र कुराबिच तालमेल हुनु पर्छ। नतिजा कमजोर भएका, पुराना अनुभव र अनुभूतिलाई हामीले बिर्सनु हुँदैन। आर्थिक समृद्धिका लागि अन्तर्राष्ट्रिय सम्बन्धले विशेष भूमिका निर्वाह गर्छ। हाम्रो जस्ता मुलुकका लागि वैदेशिक सहयोग नै विकासको प्रमुख आधार हो। अर्थतन्त्रको आकार बढाउन गरिबी घटाउने, प्रतिव्यक्ति आय बढाउने, व्यापार घाटा कम गर्ने, श्रम शक्तिको उपयोग, पर्यटन प्रवर्धन, जलस्रोतको बहुउपयोग, सम्भाव्य औद्योगिकीकरणका लागि लगानीको सुनिश्चितता, राज्यले लिएका दीर्घकालीन लक्ष्यको परिपुरण एवं अन्तर्राष्ट्रिय बजारसँगको सम्बन्ध जस्ता महत्वपूर्ण विषयमा घनीभूत छलफल हुनु जरुरी छ।

नेपालको भौगोलिक, वर्गीय, शारीरिक एवं अवसरबाट वञ्चित गरिबीको खाडल पुर्न आर्थिक इन्जिनियरिङका आधारमा योजनागत अवधारणासहित जनताले तुरुन्तै बुझ्ने र लागु हुने आर्थिक कार्यदिशासहितको प्रतिबद्धता नेतृत्वबाट आउनु पर्छ। त्यसलाई बुझेर मात्रै जनताले मतदान गर्न तयार हुनु पर्छ। जनजनमा आर्थिक कल्याण, अवसर र प्रतिस्पर्धात्मक उत्पादन क्षमताको अवसर बढाई जनताको आर्थिक क्षमता बढोत्तरी गर्ने शासकीय नेतृत्वको खोजी अहिलेको आवश्यकता हो। चुनावमा जनजीविका, उद्यमशीलता, व्यापार र बजार पहुँच जस्ता विषयमा जनताले राजनीतिक बहस पैरवी गरी भोलिको समुन्नत आर्थिक आधार बनाउन सक्रियताको त्यत्तिकै आवश्यकता छ।

जनता मतदान गर्ने कारखाना होइनन्। जनताले सुखद भविष्यको ग्यारेन्टी गर्ने नेतृत्व चाहेको छ। हिजोका मतदाता होइनन्, जसले जे भन्यो त्यही गर्ने, अहिले चेतनाको स्तर बढ्दो छ। हाम्रो भविष्य हामीले नै बनाउने हो भन्ने चेतना अधिकांश मतदातामा विकास भइसकेको छ। मतदानको शक्ति नै भोलिको उन्नत जीवन बनाउने शक्ति हो। आफैँ सक्रिय नभई केही उपलब्धि हात लाग्दैन। त्यसका लागि उपयुक्त वातावरण पनि चाहिन्छ। असल शासनको अनुभूतिबाट मात्रै जनताले विश्वास गर्ने हुन्। यसअघि विश्वासमा आघात परेको बारे मतदाता सचेत देखिएका छन्। असल शासनको मुख्य आधार आर्थिक रूपान्तरण पनि हो। आर्थिक अवसर प्राप्तिमा देखिएका कमीकमजोरी सुधार गरी सम्भाव्य अवसरको उपयोग गर्न र जनजीविका एवं जीवनस्तरलाई उन्नत बनाउन लोकतन्त्रको असल अभ्यासमा नागरिक जागरुक हुनु पर्छ। 'आर्थिक उपलब्धिका लागि असल शासन, असल शासनका लागि स्वच्छ मतदान' भन्ने मूल मन्त्रलाई आत्मसात् गरी आमनागरिकले मतदान गर्नु पर्छ। गोप

# ब्यालेटबक्समा लोकतन्त्रको लक्ष्मण रेखा

• गणेश पुमा 'चिन्तन'

निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी, मितव्ययी र भयमुक्त वातावरणमा सम्पन्न गर्न राजनीतिक दल, उम्मेदवार, संघसंस्था र सर्वसाधारणले समेत पालना गर्नुपर्ने आचरणहरूको संग्रह हो, निर्वाचन आचारसंहिता। जुन निर्वाचन आयोग ऐनअन्तर्गत रही निर्वाचन आयोगले निर्माण गरी जारी गर्ने गर्दछ। यो आचारसंहिता निर्वाचन आयोगले तोकेको समय अवधिभर लागू हुन्छ। कुनै व्यक्ति, पदाधिकारी, उम्मेदवार र संघसंस्थाले तोकिएको अवधिभर के कार्य गर्न हुन्छ र के कार्य गर्न हुन्न भन्ने कुरा आचारसंहिताले तय गरेको हुन्छ। यो आफैंमा कानुन होइन तर यसले तोकिएको अवधिमा कानुनसरह नै कार्य गर्दछ।

खासगरी, यस आचारसंहिताको दायरामा को को पर्छन् भन्ने विषय चासोको विषय हुने गर्छ। सामान्यतः यो आचारसंहिता सबैका लागि लागू हुन्छ। नेपाल सरकार र प्रदेश सरकारका मन्त्री, संवैधानिक निकाय र पदाधिकारी, सुरक्षा निकाय, सरकारी र अर्धसरकारी संघसंस्था, सबैखाले कर्मचारी, राजनीतिक दल, उम्मेदवारलगायतलाई यो आचारसंहिता लागू हुन्छ। आचारसंहिता लागू भएको अवधिमा सरकारी वा अर्धसरकारी निकाय वा कुनै परियोजनाको सम्पत्ति कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुने गरी प्रयोग गर्न गराउन हुँदैन। राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिह्न अंकित पोसाक, झोला वा सोको सांकेतिक सामग्री उत्पादन, बिक्रीवितरण, प्रदर्शन गर्न गराउन हुँदैन। सम्बन्धित पक्षको स्वीकृति नलिई सार्वजनिक वा व्यक्तिगत घरजग्गामा राजनीतिक दल वा उम्मेदवारले निर्वाचन प्रचारप्रसार गर्न हुँदैन। ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैंगिक अल्पसंख्यक र अपांगता भएका व्यक्तिको भावनामा आँच आउने गरी निर्वाचन प्रचारप्रसार गर्न हुँदैन।

बालबालिकालाई निर्वाचनको कुनै पनि गतिविधिमा प्रयोग गर्न हुँदैन। सामाजिक सञ्जालमा गलत, भ्रमपूर्ण वा द्वेषपूर्ण सामग्री प्रवाह गर्ने, साझा गर्न वा प्रतिक्रिया दिन हुँदैन। सामाजिक सञ्जालमा झुटा खाता खोली वा एआईसमेतको प्रयोग गरी गलत वा भ्रमपूर्ण सामग्री निर्माण, साझा गर्न वा त्यस्ता सामग्रीमा प्रतिक्रियासमेत दिन हुँदैन। कसैको चरित्र हत्या गर्ने, लाञ्छना लगाउने, मानहानि गर्ने सामग्री प्रकाशन वा प्रसारण गर्न हुँदैन। उम्मेदवारको मनोनयन दर्ता भएदेखि मतदान सम्पन्न नभएसम्म कुनै राजनीतिक दल वा उम्मेदवारको मत परिणामसम्बन्धी मत सर्वेक्षण गर्न र त्यसको परिणाम घोषणा गर्न समेत हुँदैन। निर्वाचनलाई प्रतिकुल प्रभाव पार्ने विचार प्रचारप्रसार गर्न, साझा गर्न वा प्रतिक्रिया दिन पाइँदैन।

कुनै पनि किसिमबाट मतदाताको गोप्यता भंग गर्ने कार्य गर्न हुन्न। मतदाता र मतदानमा खटिएका कर्मचारीसँग वादविवाद गर्न वा उनीहरूलाई हतोत्साही बनाउने कुनै पनि कार्य कसैले पनि गर्न हुन्न। मोबाइल वा क्यामेराको प्रयोग गरी अनुमति नलिई मतदानस्थल वा मतगणनास्थलको तस्बिर लिन वा भिडियो खिच्ने कार्य गर्न हुँदैन। समग्रमा, कुनै पनि प्रकारले निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित गर्ने गरी कुनै पनि कार्य कसैले पनि गर्न नहुने गरी निर्वाचन आचारसंहितामा व्यवस्था गरिएको छ।

यसरी, सर्वसाधारणले गर्न हुने र नहुने, त्यस्तै विभिन्न संघसंस्था र तिनका पदाधिकारीले गर्न हुने र नहुने कार्य आचारसंहितामा व्यवस्था गरिएको छ। नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पालना गर्नुपर्ने आचरणका साथै निर्वाचनमा खटिने कर्मचारीले पालना गर्नुपर्ने आचरणहरू तोकिएका छन्। ती पदाधिकारी र कर्मचारी पदासीन भएको बखत कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुनु हुँदैन। विद्यालय वा विश्वविद्यालयको भवन, जग्गा वा सवारीसाधन कुनै दल वा उम्मेदवारलाई प्रयोग गर्न दिन हुँदैन। सरकारी, गैरसरकारी, अर्धसरकारी संस्थाका कर्मचारी कुनै दल वा उम्मेदवारका पक्ष वा विपक्ष देखिने गरी कुनै कार्य वा व्यवहार गर्न नहुने कुरा आचारसंहितामा उल्लेख छ। सञ्चारमाध्यमले पनि कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्ष हुनेगरी सूचना प्रसारण वा प्रकाशन गर्न हुँदैन। तोकिएको आकारप्रकारमा भन्दा फरक हुनेगरी विज्ञापन समेत दल वा उम्मेदवारले प्रकाशन वा प्रसारण गर्न हुँदैन भने सञ्चारमाध्यमले समेत सो विषयलाई ध्यानमा राखेर मात्र प्रसारण वा प्रकाशन गर्नुपर्ने हुन्छ।

उम्मेदवारको निर्वाचन खर्च सीमा क्षेत्रगत रूपमा तोकिएको छ। तोकिएभन्दा बढी खर्च गर्न मिल्दैन। त्यस्तै, उम्मेदवारले उम्मेदवारी मनोनयनकै क्रममा तोकिएको ढाँचामा सम्पत्ति विवरण र वैयक्तिक विवरण पेस गर्नुपर्ने, पर्यवेक्षकले पालना गर्नुपर्ने आचरणजस्ता कुराहरू निर्वाचन आचारसंहिताले समेटेको छ। उसैगरी, केन्द्र, जिल्ला र स्थानीयस्तरसम्म आचारसंहिता अनुगमन संयन्त्रको समेत व्यवस्था गरिएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ अन्तर्गत निर्वाचन आयोगले आचारसंहितामा पहिलो पटक हरित निर्वाचनसम्बन्धी आचरणको समेत व्यवस्था गरेको छ। यस अन्तर्गत राजनीतिक दल वा उम्मेदवार वा तिनको प्रतिनिधिले प्रदूषण नियन्त्रण गर्दै वातावरणमैत्री क्रियाकलाप गर्नुपर्छ। सभा, जुलुस, ऱ्याली, घरदैलो आदि कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गर्नुपर्छ।

निर्वाचन आचारसंहिता उल्लंघन गर्दै जाने र उल्लंघनकर्तालाई कारबाही गर्दै नजाने हो भने निर्वाचनको वातावरण खराब बन्न सक्छ। निर्वाचनको वातावरण बनाउनेभन्दा बिगार्नेहरूको बिगबिगी बढी छ। आचारसंहितामा आवश्यक सबै आचरणको सम्बोधन गर्नु ठूलो कुरा भएन। बरू निर्वाचन आचारसंहिताको अनुसरण सबै पक्षबाट भयो कि भएन भन्ने कुरा ठूलो हो।

निर्वाचन स्वच्छ, निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा मितव्ययी तरिकाबाट सुसम्पन्न गर्न गराउन निर्वाचन आचारसंहिता कार्यान्वयनमा ल्याइन्छ। आचारसंहिताको उल्लंघन गरेमा निर्वाचन आयोग ऐनबमोजिम निर्वाचन आयोगले एक लाख रुपैयाँसम्म जरिबाना गर्न वा उम्मेदवारी नै रद्द गर्न सक्छ। राजनीतिक दल वा कुनै उम्मेदवारबाट निर्वाचन प्रचारप्रसारको क्रममा आचारसंहिताले निषेध गरेको कामकारबाही गर्न गराउन कुनै प्रकारको आर्थिक सहयोग लिने कार्य भएमा त्यसरी गरेको आम्दानी वा खर्चबराबरको रकम जरिबाना गर्न सक्छ। त्यसरी गरेको जरिबाना ६ महिनाभित्र नबुझाउने उम्मेदवारलाई बढीमा आयोगले ६ वर्षसम्म कुनै पनि निर्वाचनमा उम्मेदवार हुन अयोग्य घोषित गर्न समेत सक्छ। यसरी, निर्वाचन आयोगले निर्वाचन आचारसंहिता जारी गरी राजनीतिक दल र उम्मेदवार तथा तिनका प्रतिनिधि र समर्थकहरूबाट सो अनुरूपको आचरणको अपेक्षा राख्छ। वर्तमान प्रविधिमैत्री समाजमा सोही तरिकाले आचारसंहितालाई परिस्कृत गरिएको देखिन्छ।

आचारसंहितामा पहिलोपटक हरित निर्वाचनको लागि आचरणको व्यवस्था गरिएको छ। यसैगरी, एआईको प्रयोग गरी हुने आचारसंहिता उल्लंघनलाई समेत सम्बोधन हुनेगरी वर्तमान निर्वाचन आचारसंहिता तयार गरिएको छ। आचारसंहितामा आवश्यक सबै आचरणको सम्बोधन गर्नु ठूलो कुरा भएन। बरू निर्वाचन आचारसंहिताको अनुसरण सबै पक्षबाट भयो कि भएन भन्ने कुरा ठूलो हो। ऐन, कानुन र संहिताले मान्छे बाँध्न खोज्नु वास्तवमा सम्भव कुरो होइन। मानिस आफैं सचेत हुँदै ऐन, नियम, कानुन र संहिताको परिधिभित्र रही क्रियाकलाप गर्नुपर्छ। मानिसले आफ्नो आचरण सुधार गर्दै समाजलाई पथ प्रदर्शन गर्नुपर्छ।

निर्वाचन आचारसंहिता उल्लंघन गर्दै जाने र उल्लंघनकर्तालाई कारबाही गर्दै नजाने हो भने निर्वाचनको वातावरण खराब बन्न सक्छ। निर्वाचनको वातावरण बनाउने भन्दा बिगार्नेहरूको बिगबिगी बढी छ। प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गतको मनोनयन कार्यक्रमसमेत बिथोल्न भरमग्दुर प्रयास भए। आयोगको डिजिटल प्रणालीमा पटकपटक आक्रमण गर्न खोजिए, तर आक्रमण सफल भएनन्। मनोनयन कार्यक्रम स्थगित गरिएको, निर्वाचन सारिएको लगायतका दुष्प्रचारसमेत गरिए। तर, बहुसंख्यक जनताले चाहेको निर्वाचन कार्यक्रम निरन्तर रफ्तारमा अगाडि बढिरहेको छ। हुन त जेन–जी आन्दोलनको मागलाई सम्बोधन गर्ने हिसाबले नयाँ निर्वाचन कार्यक्रम तय गरिएको हो। नयाँ निर्वाचनबाट जेन–जीको समर्थनसहितको प्रतिनिधिसभा निर्माण गर्न यो कदम चालिएको हो। यस निर्वाचनले अग्रगामी सोचसहितको नयाँ प्रतिनिधिसभा गठन गर्ने अपेक्षा गरिएको छ। यसले समाजमा व्याप्त असन्तोष र निराशालाई चिर्दै जनतामा आशाको किरण ल्याउने आशा गरिएको छ।

जेन–जी आन्दोलन भनिए पनि त्यसमा सबै उमेरसमूहका जनताको असन्तुष्टि पोखिएको थियो। यही असन्तुष्टिलाई मनन् गर्दै देशलाई निकास दिन जननिर्मित संविधानलाई सही बाटो दिलाउनसमेत निर्वाचन सम्पन्न गर्नु पर्नेछ। नवनिर्वाचित जनप्रतिनिधिलाई देशको बागडोर सुम्पँदै देशलाई सही मार्गमा ल्याउनमात्र होइन, शान्ति सुरक्षा, सुशासनसँगै रोजगारीको सिर्जना गर्दै देशलाई सही मार्गमा हिँडाउनु अनिवार्य छ।

निर्वाचन आचारसंहिता स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी, मितव्ययी र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्ने गराउने एउटा अखटोमात्र हो। राजनीतिक दल, दलका भ्रातृ संगठन, उम्मेदवार र तिनका समर्थकका साथै सर्वसाधारणले समेत यसको अनुसरण गर्नु जरुरी छ। आगामी निर्वाचनलाई सही तरिकाले सम्पन्न गर्न आचारसंहिताको अनुसरण अति महत्वपूर्ण हुन्छ। आचारसंहिताले आवश्यक सबै आचरणको सम्बोधन गरेको छ। सम्बन्धित सबैले पालना गर्नु नै निर्वाचन सफल बनाउनु हो। अपूबाट

### सेयर बजारमा सामान्य करेक्सन
# १६ अर्ब ३५ करोडको कारोबार



काठमाडौं । साताको दोस्रो सेयर कारोबार दिन सोमबार नेप्से परिसूचक सामान्य अंकले घटेर बन्द भएको छ। अघिल्लो दिन आइतबार ५७.५५ अंकले बढेको नेप्से परिसूचक यसदिन ३:०७ अंकले घटेर २७६९.०९ विन्दुमा अडिएको छ।

नेप्से परिसूचक सामान्य अंकले घटेपनि कारोबार रकम भने आइतबार तुलनामा वृद्धि भएको छ। यसदिन ३३२ वटा स्क्रिप्सको ३ करोड ६२ लाख ६४ हजार ८७३ कित्ता सेयर १६ अर्ब ३५ करोड ५७ लाख ३० हजार ४६६ रुपैयाँमा खरिदबिक्री भए। आइतबार १३ अर्ब ७८ करोड मूल्य बराबरको सेयर कारोबार भएको थियो।

कारोबारमा आएकामध्ये ८८ वटा स्टक्सको मूल्य बढ्दा १६५ वटाको घट्यो। बाँकी ७ वटा स्टक्सको मूल्य स्थिर रह्यो। पाँच कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भयो। एसवाई प्यानल नेपाल,हिमस्टार उर्जा,सान्भी इनर्जी,सप्तकोशी डेभलपमेन्ट बैंक र माउन्टेन हाइड्रो नेपालको सेयर १० प्रतिशतले बढ्यो।

कारोबार रकमका आधारमा हिमालयन पावर शीर्ष स्थानमा रह्यो। सो कम्पनीको ६५ करोड मूल्य बराबरको सेयर कारोबार भयो। आँखु खोला जलविद्युत कम्पनीले ५६ करोड मूल्य बराबरको सेयर कारोवार गर्दा मञ्जुश्री फाइनान्सले ५२ करोड,एसवाइ प्यानल नेपालले ५० करोड र बन्दिपुर केवलकार एण्ड टुरिजमको ४० करोड मूल्य बराबरको सेयर कारोबार भयो।

चारवटा समूहको उपसूचक बढ्दा ९ समूहको उपसूचक नकारात्मक देखिए। होटल्स एण्ड टुरिजम,हाइड्रोपावर,मनु एण्ड प्रो र म्युचुअल फण्डको सेयर बढेको हो।

## ठूलो मात्रामा प्रतिबन्धित औषधीसहित दमकमा तीनजना पक्राउ

झापा, माघ १२ । ठूलो मात्रामा प्रतिबन्धित औषधीसहित दमकमा तीनजना पक्राउ परेका



छन् । सोमवार साँझ ५ बजे लागूऔषध नियन्त्रण व्यूरो शाखा कार्यालय काँकडभिट्टाबाट खटिएको प्रहरी टोलीले प्रतिबन्धित लागूऔषध ट्रामाडोल, स्पासपेन र डिकोलिन बितरण भइरहेको भन्ने गोप्य सूचनाको आधारमा दमक नगरपालिका वडा नं.५ आम्दा रोडमा रहेको अनुसा खाजा पसलमा चेकजाँच तथा खानतलासी गरेको थियो । त्यसक्रममा ट्रामाडोल ७१५ क्याप्सुल , स्पासपेन ६०० ट्याव्लेट र डिकोलिन ११५ क्याप्सुलसहित सोही ठाउँ बस्ने बर्ष ३२ का अमित मगर , बर्ष ३६ का मिनकुमार धिमाल र बर्ष १५ का निरन्जन बि.क. पक्राउ परेका थिए ।

अमित मगरको साथबाट एक थान आईफोन १२ प्रोम्याक्स मोवाइल र मिनकुमार धिमालको साथबाट महिन्द्रा कम्पनीको मे. ३ प.९४०५ स्कुटर , सामसुङ कम्पनीको मोवाइल एक थान र छ हजार छ सय रुपैयाँसमेत बरामद भएको थियो । उनीहरुलाई आवश्यक अनुसन्धानको लागि इलाका प्रहरी कार्यालय दमकमा बुझाइएको छ।

# सर्लाहीमा दादुरा ‘आउट ब्रेक’

काठमाडौं । नेपालमा फेरि दादुरा संक्रमण ‘ आउट ब्रेक’ भएको छ। हाल सर्लाहीको मलंगवा नगरपालिकामा दादुरा संक्रमण देखिएको हो।

मलंगवा नगरपालिका- ३ नम्बर वडामा अहिलेसम्म ७ जनामा दादुरा संक्रमण प्रयोगशालाबाट पुष्टि भएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागअतर्गतको परिवार कल्याण महाशाखाले जनाएको छ। यस्तै २३ वटा शंकास्पद केश देखिएको छ।

सुरुमा भेटिएका १६ शंकास्पद बिरामीमध्ये प्रयोगशाला परीक्षणका क्रममा ७ जनालाई दादुरा संक्रमण पुष्टि भएको हो। परिवार कल्याण महाशाखाअन्तर्गको खोप शाखाका अनुसार भेटिएका संक्रमितहरू १० देखि १४ वर्ष उमेर समूहका छन्।

स्वास्थ्य कार्यालय सर्लाहीका प्रमुख डा.नवलकिशोर झाका अनुसार दादुरा संक्रमण देखिएको क्षेत्रलाई अहिले उच्च निगरानीमा राखिएको छ।

पुष २२ गते पहिलोपटक शंकास्पद बिरामी भेटिएको थियो। प्रयोगशाला परीक्षणका क्रममा माघ ११ मा दादुरा पुष्टि भएको हो।

हाल दादुरा देखिएका ७ जनाले यसअघि दादुराविरुद्धको कुनै पनि खोप नलगाएको पाइएको मलंगवा नगरपालिका ३ का अध्यक्ष प्रमोद राय यादवले बताए।

वडाध्यक्ष यादवले भने, ‘केही दिनअघि एकै प्रकारका लक्षण देखिएका बालबालिकाहरू विरामी भएपछि शंका लागेर परीक्षण गर्दा दादुरा पुष्टि भयो, हामीले बुझ्दै जाँदा दादुरा पुष्टि भएका ७ जना संक्रमित बालबालिकाले यसअघि दादुराविरुद्धको खोप नलगाएको पाइएको छ।’

हाल संक्रमण देखिएका सात जना बालबालिका सबै घरमा नै आइसोलेशनमा रहेको वडाध्यक्ष यादवले बताए।

हाल दादुरा देखिएको उक्त क्षेत्रका स्कुलहरूमा आजबाट खोप अभियान समेत सुरु भइसकेको छ।

दादुरा रोगबाट बालबालिकालाई बचाउन र थप सङ्क्रमण फैलिन नदिन माघ १२ देखि माघ १६ गतेसम्म मलङ्गवामा विशेष खोप अभियान सञ्चालन गरिने प्रमुख डा. झाले बताए।

सो अभियानअन्तर्गत मलङ्गवा-३, २, ४, ८, ९ र १० वडाका ६ महिनादेखि १४ वर्ष उमेर समूहका बालबालिकालाई दादुराविरुद्धको खोप प्रदान गरिने मलङ्गवा नगरपालिका स्वास्थ्य शाखाले जनाएको छ।

दादुरा संक्रमणबाट जोगाउन सरकारले जन्मेको यो खोप ९ महिना र १५ महिनाको उमेर समूहका बालबालिकालाई राष्ट्रिय खोप कार्यक्रमअन्तर्गत निशुल्करुपमा दादुरा-रुबेलाविरुद्धको खोप लगाउँदै आएको छ। खोप शाखा प्रमुख डा अभियान गौतमले



हाल दादुरा देखिएको क्षेत्रमा विश्व स्वास्थ्य संगठनको टोलीसहित, स्थानिय स्वास्थ्यकर्मी र प्रनितिधिहरूले थप संक्रमण फैलन नदिन निगरानी गरिरहेको बताए।

खोप शाखा प्रमुख डा गौतमले भने ,‘दादुरा आउट ब्रेक भएको क्षेत्रमा थप संक्रमण फैलन नदिन सोमवारदेखि खोप अभियान संचालन गरिएको छ।’

यस्तै संक्रमण नियन्त्रणका लागि मन्त्रालयअन्तर्गतको राष्ट्रिय खोप कार्यक्रमले स्थानीय तह र साझेदारसँग समन्वय गर्दै घर घरमा खोजपड्ताल तथा निगरानी गरिरहेको छ।

अभियानअन्तर्गत नगरपालिकाका वडा नम्बर २, ३, ४, ८, ९ र १० का ६ महिनादेखि १४ वर्ष उमेर समूहका सबै बालबालिकालाई दादुराविरुद्धको खोप लगाइने छ।

पछिल्ला केही वर्ष यता हरेक वर्ष नेपालमा दादुरा संक्रमण देखिने गरेको छ। दुई वर्ष अगाडि काठमाडौंको गोकर्णेश्वर नगरपालिकाको आरुबारीमा रहेको एक गुम्बामा ५४ जनामा संक्रमण देखिएको थियो।

अन्य ठाउँमा पनि दादुरा देखिँदै आएको छ। सन् २०२६ को सुरुवातमै सर्लाहीमा यो संक्रमण आउट ब्रेक भएको हो। सन् २०२३ मा नै नेपाललाई दादुरा-रुबेलामुक्त घोषणा गर्ने नेपाल सरकारको लक्ष्य रहेको थियो तर सफल भएको छैन।

सन् २०२३ मा नेपालमा दादुरा-रुबेला रोगको अन्त्य गर्ने लक्ष्य राखिएको भए पनि १२ पुस २०७९ मा बाँकेको नेपालगञ्जमा ‘आउट ब्रेक’ भएपछि रोकिएको थियो।

त्यसपछि दादुरा संक्रमण फैलिन थालेपछि सरकारले पुनः सन् २०२६ सम्म नेपाललाई दादुरा तथा रुबेलामुक्त देश बनाउने लक्ष्य लिएको भए पनि यसबीचमा केही ठाउँमा दादुरा आउट ब्रेक भएपछि गत भदौमा विश्व स्वास्थ्य संगठनले नेपालमा जनस्वास्थ्य समस्याको रूपमा रहेको रूबेला रोग मात्रै निवारण भएको घोषणा गरेको थियो।

संगठनको क्षेत्रीय प्रमाणीकरण आयोगको २०८२ साउन ६ गतेदेखि ८ गतेसम्म भएको वार्षिक बैठकले नेपालको राष्ट्रिय प्रमाणीकरण समितिले पेश गरेको रोग निगरानी र खोप कभरेज दरसम्बन्धी तथ्याङ्क तथा विवरणको समीक्षा तथा मूल्याङ्कन गरी नेपालमा रूबेला निवारण भएको प्रमाणित गर्न सिफारिस गरेर नेपाललाई रुबेला मात्रै निवारण भएको घोषणा गरेको थियो।

तर अहिले आएर सन् २०२६ को सुरुमा नै सर्लाहीमा दादुरा आउट ब्रेक भएपछि यो वर्ष पनि दादुरा निवारण हुन गाह्रो छ।

हावाका माध्यमबाट छिटो फैलने हुँदा दादुराको एक केसलाई नै महामारीको रूप लिने गरिन्छ।

मिजल्स भाइरसका कारण हुने दादुरा छिट्टै सर्ने संक्रामक रोग हो। दादुरा जस्तै देखिने अर्को संक्रामक रोग हो रुबेला। तर यी दुवैको केही समान लक्षणहरू हुने खोप शाखा प्रमुख डा. गौतमको भनाइ छ।

दादुरा श्वासप्रश्वासको माध्यमबाट सर्ने र सजिलै फैलिने खालको सरुवा रोग हो। मिजल्स भाइरसको संक्रमणको कारण यो रोग लाग्ने गर्छ। खासगरी यस रोगले कुपोषित बच्चाहरूको बढी मृत्यु गराउँछ।

दादुराले फोक्सोको संक्रमण भएपछि निमोनिया, मस्तिष्कको संक्रमण, मुटुको संक्रमण, कलेजोको संक्रमण मिर्गौलाको संक्रमण, कानको संक्रमण, आँखाको संक्रमण र रगतमा प्लेटलेटको मात्रा कम गराइ रगत बग्ने जस्ता जटिल खालका स्वास्थ्य समस्या निम्त्याउँछ।

दादुरा रोग लागेका बालबालिकालाई पोषिलो खाना र झोलिलो खाने कुरा जरुरी हुन्छ। दादुरा रोग अतिसंक्रमित रोग भएकाले यस रोगको प्रतिरोधात्मक क्षमता कम भएका बालबालिका रोगीको सम्पर्कमा आएमा दादुरा रोगबाट संक्रमित हुन्छन्।

दादुरा रोगीको नाक तथा घाँटीबाट निस्किने तरल पदार्थको सम्पर्कमा आउँदा, हाच्छ्यूँ गर्दा र खोक्दा यसका विषाणु हावामा फैलिन्छन् र यो रोग सर्ने गर्दछ।

दादुरा सरुवा रोग भएका कारण संक्रमण देखिएका बिरामी खोक्दा, खाने कुरा बाँडेर खाँदा, एउटै कपडा पालैपालो गरेर प्रयोग गर्दा अन्य व्यक्तिमा सर्छ। दादुरा संक्रमित बालबालिकामा ज्वरो आउनु र शरीरमा राता बिमिरा देखा पर्ने, नाकबाट पानी बग्ने, खोकी लाग्ने, आँखा रातो हुने, आँखा पाक्ने जस्ता लक्षण देखिन्छ।

समयमै उपचार नहुँदा दादुराको संक्रमणबाट बालबालिकाको मृत्यु हुने जोखिम पनि हुन्छ। विशेष गरी कुपोषित बालबालिकाहरूमा दादुरा संक्रमण भयो भने मृत्यु हुने जोखिम हुन्छ।

# १५ जनालाई पौरखी जेनजी सम्मान

• **लक्ष्मी उप्रेती**

बिर्तामोड । झापाको बिर्तामोडमा आइतबार २८ बर्ष उमेर समूहका १५ जना नवपुस्तालाई पौरखी जेनजी सम्मान प्रदान गरिएको छ ।

काजी मिडिया एन्ड टेक्नोलोजी प्रालिले लोकतन्त्र पोस्ट म्यागजिन लोकार्पण समारोहमा श्रम, सिर्जना र आत्मनिर्भरताको बाटोमा हिडेका १५ जना जेनजी युवालाई सम्मान गरेको हो । पत्रिकाले जेनजी पुस्तालाई केन्द्रमा राखेर म्यागजिन तयार गरेको छ ।

गीत संगीत, खेलकुद, स्वास्थ्य, डिजिटल मार्केटिङ, वन्यजन्तु संरक्षक, नवप्रवर्तक, गायक, उद्यमी, धार्मिक अभियन्ता, पर्वतारोही, फुटबलर, जलवायु अभियन्ता, क्रिकेटर, कला/मोडलिङ विधाबाट आफूलाई अब्बल रुपमा स्थापित गर्न सफल युवालाई सम्मान गरिएको हो ।

यसरी सम्मानित हुनेहरुमा कन्टेन्ट क्रिएटर स्वेता बुढाथोकी, वन्यजन्तु संरक्षक कृपेश कार्की, कराते खेलाडी कृपा चापागाई, जीवनरक्षा होम केयरका संस्थापक सीइओ डा.( सीआर)चेवनराज कार्की, गायिका रचना रिमाल, नवप्रवर्तन सविन बास्कोटा, गायक अशोक दर्जी, उद्यमी कृपा ढकाल, धार्मिक अभियन्ता हरिकृष्ण भण्डारी, पर्वतारोही जयराम दाहाल, फुटबलर अनन्त तामाङ, जलवायु अभियन्ता तनुजा पाण्डे, क्रिकेटर अंकित सुवेदी, राहुल/तेज/उत्सवको समूहलाई उनीहरुले बनाएको वाइफाई थिप डिटेक्टर नाम एप इजरायलको राउन्डस् एआई लिले १३ लाख रुपैयाँमा खरिद गरेको, कला /मोडलिङ मनिषा राजवंशीलाई सम्मान गरिएको हो ।

कार्यक्रमका प्रमुख अतिथि सामाजिक अभियन्ता तथा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष महेन्द्रकुमार गिरी,लोकतन्त्र पोष्टका प्रधान सम्पादक मोहन काजी, सम्पादक अम्विका भण्डारी, नेपाल पत्रकार महासंघ झापा शाखा अध्यक्ष एकराज गिरीले संयुक्त रुपमा सम्मान गरेका थिए । उनीहरुलाई सम्मानपत्रसहित खादा पहिर्‍याइएको थियो ।



सामाजिक अभियन्ता तथा राष्ट्रिय सहकारी बैंकका अध्यक्ष गिरीको संयोजकत्वमा बनेको छनौट समितिले १ सय ५४ जना पौरखी युवाहरु मध्येबाट १५ जनालाई छनौट गर्दै वर्ष ९ अंक १ लोकतन्त्र पोष्ट म्यागेजिनको लोर्कापणसँगै सम्मान गरिएको थियो । छनौट समितिमा नेपाल पत्रकार महासंघ झापा शाखाका पूर्व अध्यक्ष एवम् अधिवक्ता तारामणि सापकोटा, नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) अध्यक्ष अर्जुन राजवंशी, काँकरभिट्टा बहुमुखी क्याम्पसका प्राध्यापक मणिकुमार लिम्बू, मेची बहुमुखी क्याम्पसको लाईब्रेरीमा कार्यरत वरिष्ठ कर्मचारी एवम् पत्रकार पुजन आचार्यसहितको समावेशी सहभागिता रहेको संयोजक गिरीले बताए । ‘आफ्नै माटोमा पसिना बगाएर समृद्धिको सपना बुनिरहेका ‘गरिखाने हिरो’लाई चिनाउने उद्धेश्यले यो अभियान शुरु गरेका हौं’ लोकतन्त्र पोष्टका प्रधान सम्पादक मोहन काजी न्यौपानेले भने । ‘पौरखी जेन जी केवल एउटा म्यागजिन मात्र होइन, जेनजी पुस्ताले थालेको श्रम र उद्यमको आन्दोलनको दस्तावेज हो ’उनले थपे ।

पत्रिकाका सम्पादक अम्बिका भण्डारीको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत तथा औचित्यमाथि प्रकाश प्रधान सम्पादक काजीले गरेका थिए । पौरखी जेनजी छनौट समितिका संयोजक गिरीले सम्मानित पौरखी जेनजीहरुको नाम सार्वजनिक गरेका थिए । कार्यक्रममा बोल्ने अधिकाँश वक्ताहरुले जेनजी पुस्तालाई नकरात्मक दृष्टिले नभएर परिवर्तनको संवाहकका रुपमा प्रस्तुत गर्नुपर्ने बताए । जेनजी आन्दोलनलाई परम्परागत रोजगारी खोज्ने पुस्ताबाट उद्यम, सिर्जना र प्रविधिमैत्री पुस्तातर्फको संक्रमणको प्रतीकको रुपमा रहेको बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष गिर ीसहित सम्मानित व्यत्तित्वको तर्फबाट स्वेता वुढाथोकी, डा.( सीआर)चेवनराज कार्की,पत्रिकाका कार्यकारी सम्पादक दामोदर ढुङ्गेललगायतले आ-आफ्नो धारणा राखेका थिए । कार्यक्रमको सहजीकरण नेपाल पत्रकार महासंघका निवर्तमान उपाध्यक्ष केशव भट्टराईले गरेका थिए ।


**सुपर काईनेटिक एक्सप्रेस कुरियर**

**राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।**
**बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर**

**सम्पर्क:**
**फोन: ०२३-५४०४७८**
**मो: ९८५२६७७३५५**
**बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ**

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ । स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ । लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ । आकस्मिक धन लाभ हुनेछ ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ । तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन् ।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ । नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ